केवल स्तनपान गराउने सल्लाह प्रदान गरिन्छ।

– राज्य सरकार, स्थानीय आंगनवाडी केन्द्रको माध्यमद्वारा कुपोषण ग्रस्त बालक–बालिकाको पहिचान गरि तिनीहरुलाई नि:शुल्क भोजन उपलब्ध गराइन्छ।

**प्राधिकरण**

सार्वजनिक वितरण प्रणाली अन्तर्गत उचित मूल्य (दर) को पसल, जसलाई आवश्यक वस्तु अधिनियम 1955 को तहत राशन कार्ड धारकहरुलाई सार्वजनिक वितरण प्रणालीको अधिनमा सामग्रीहरु वितरण गर्ने लायसेंस प्रदान गरिएको छ।

**शिकायत निवारण तंत्र**

- थो अधिनियम अन्तर्गत सबै शिकायतहरुको समाधान राज्य सरकारद्धारा गराउने व्यवस्था गरिन्छ। यस्को निम्ति काल सेंटर, हेल्प लाइनहरु स्थापना गर्नु लगायत नोडल अधिकारीहरु नियुक्त गरिन्छ।
- यस कानुन अन्तर्गत खाद्यान्न वा भोजनको वितरण सम्बन्धमा पीडित व्यक्तिले गरेको शिकायतको चाँडो समाधानको निम्ति जिल्ला तहमा एकजना जिल्ला शिकायत निवारण अधिकारी पनि नियुक्त गर्ने प्रावधान छ।
- यस कानुनद्वारा कुनै पनि शिकायतकर्ताले जिल्ला अथवा राज्य खाद्य आयोग समक्ष अपील गर्न सक्ने छन।

**राज्य खाद्य आयोगको जांच सम्बन्धित अधिकारहरु**

राज्य खाद्य आयोगलाई ती सबै अधिकार प्रदान गरिएको छ जुन अधिकार सिविल प्रक्रिया संहिता 1908 को अधीनमा कुनै मामिलाको विचार गर्न भनि सिविल न्यायालयलाई प्रदान गरिएको छ। यी अधिकारहरु यस प्रकार छन–

- कुनै व्यक्तिलाई बोलाएर ल्याउनु, हाजिर गराउनु तथा शपथको अधिनमा मामिलाको विचार गर्नु।
- मामिला सम्बधित कागजात–प्रमाणहरु पेश गर्नु।
- शपथको अधिनमा साक्ष्य ग्रहण गर्नु।
- कुनै न्यायालय अथवा कार्यालयको मामिलासंग संबंधित लोक अभिलेखको प्रतिलिपि माग गर्नु।
- साक्षी वा प्रमाणहरु परीक्षाको निम्ति कमिशनको गठन गर्नु।
- प्रत्येक राज्य सरकारद्धारा राज्य खाद्य आयोग गठन गर्नु।

**दण्ड**

यस कानुनमा रहेको प्रावधान अन्तर्गत यदि कुनै लोक सेवक अथवा जिला शिकायत निवारण अधिकारीको सिफारिशहरु जानी बुझि अवहेलना गरेमा उसलाई सुनुवाईको समुचित अवसर दिईएपछि पाँच हजार सम्मको धनराशिले दण्डित गराउन पनि सकिन्छ।


सत्यमेव जयते

**न्याय विभाग**

**विधि तथा न्याय मन्त्रालय, भारत सरकार**

साक्षर भारत

**राज्य स्रोत केन्द्र असम**

**राष्ट्रिय साक्षरता मिसन प्राधिकरण**

**मानव संसाधन विकास मन्त्रालय, भारत सरकार**

website :: www.srcguwahati.in


साक्षर भारत

**कानुनी साक्षरता शृंखला–7**

# राष्ट्रिय खाद्य सुरक्षा अधिनियम 2013



# राष्ट्रिय खाद्य सुरक्षा अधिनियम 2013

सरकारद्वारा साधारण व्यक्ति, गरीब र गर्भवती महिलाहरुलाई पौष्टिक खाद्यान्न उपलब्ध गराउनका लागि राष्ट्रिय खाद्य सुरक्षा अधिनियम 2013 बनाइएको हो। यस अधिनियमको प्रमुख लक्ष हो सामान्य जीवन जीउनका लागि आवश्यक हुने पोषक खाद्यान्न पर्याप्त मात्रामा औ सस्तो मूल्यमा उपलब्ध गराउनका लागि खाद्य सुरक्षा सुनिश्चित गर्नु।

यस अधिनियममा साधारण व्यक्तिहरुका लागि खाद्य र पोषण सम्बन्धी सुरक्षा र त्यसमा संबधित व्यवस्था मिलाउनका लागि जो कानुनी प्रावधान गरिएको छ, ती यस प्रकार छन –

- उचित मूल्य (दर) का पसल – थो यस्तो पसल हो जसलाई आवश्यक वस्तु अधिनियम, 1955 को धारा 3 अन्तर्गत राशन कार्ड धारकहरुलाई सार्वजनिक वितरण प्रणालीको अधीनमा सामग्रीहरु वितरण गर्ने लायसंस प्रदान गरिएको छ।
- खाद्यान्न : चावल, गहुँ मोटा अनाज वा त्यसको समान अन्य कोई वस्तु जो एउटै गुणसम्पन्न छ र केन्द्र सरकारद्वारा समय समयमा दिइएको आदेशद्वारा तय गरिएको छ।
- खाद्य सुरक्षा : खाद्य सुरक्षाको तात्पर्य, कानुन द्वारा बनाइएका नियमहरु उप नियमहरुको तहत खाद्यान्न र भोजनलाई उचित मात्रा प्रदान गर्ने विषय संग सम्बन्धित छ।
- खाद्य सुरक्षा भत्ता : खाद्य सुरक्षा भत्ताको तात्पर्य, धारा 8 अन्तर्गत बनाइएका नियमको अधिन हकदार व्यक्तिलाई बराबरको धनराशि प्रदान गर्ने विषयसंग सम्बन्धित छ।
- ग्रामीण क्षेत्र : ग्रामीण क्षेत्र अधिनियम अनुसार स्थापित वा गठित कुनै पनि नगर निकाय भित्र पर्ने क्षेत्रहरु लगायत कुनै पनि राज्यको कुनै पनि क्षेत्र यस कानुनको क्षेत्राधिकार भित्र रहन्छ।
- सार्वजनिक वितरण प्रणाली : उचित मूल्य (दर) का पसलहरुबाट राशन कार्ड धारकहरुलाई आवश्यक सामग्रीहरूको वितरण व्यवस्थाको प्रावधान।

**धारा – नियम**

- धारा–3 को अधीनमा सनाखत गरिएका व्यक्तिहरुको, राज्य सरकारका सार्वजनिक वितरण प्रणाली अन्तर्गत प्रतिमहिना 5 किलोग्राम खाद्यान्न, वित्तीय सहायता प्राप्त मूल्य (दर) मा प्राप्त गर्ने अधिकार रहन्छ।
- धारा 4, 5, 2, 6 मा गर्भवती महिला र स्तनपान गराउने मातृहरुका लागि पोषाहार तथा बालकहरुको निम्ति पोषणीय सहायता र कुपोषण निवारणको प्रावधान छ।
- धारा–12 मा सार्वजनिक वितरण प्रणालीमा सुधार ल्याउने प्रावधान छ।
- धारा–13 मा राशन कार्ड जारी गर्नका लागि 18 वर्ष वा त्योभन्दा धैरै उमेर भएका महिलाहरुलाई परिवारको प्रधान बनाउने विशेष प्रावधान छ।

**कानुनी प्रावधान**

- गर्भवती महिला र स्तनपान गराउने मातृहरुको निम्ति पोषाहार सहायता।
- अधिनियम अन्तर्गत हकदार व्यक्तिले खाद्यान्न वा आफ्नो हकको भोजन नभेटेको खण्डमा व्यक्तिले खाद्य सुरक्षा भत्ता प्राप्त गर्ने अधिकार छ।

**अधिकार – हक**

- सार्वजनिक वितरण प्रणाली अन्तर्गत औ अन्त्योदय अन्न योजनाको तहत हर परिवारले प्रतिमहिना 35 किलोग्राम खाद्यान्न वित्तीय सहायता प्राप्त मूल्यमा प्राप्त गर्ने अधिकार।
- प्रत्येक गर्भवती महिला र स्तनपान गराउने मातृहरुले तल उल्लेख गरिएका सुविधा (लाभ) हरु प्राप्त गर्ने छन :

  आंगनवाडी केन्द्रद्वारा नि:शुल्क पौष्टिक आहार। मातृ वा गर्भवती महिलाहरुलाई शारीरिक रुपले स्वास्थ्य र सबल राख्ने उद्देश्यले यो आहार वा भोजन उपलब्ध गराइन्छ। जबकि 6 महिनादेखि कम्ती उमेरका शिशुहरुलाई केवल स्तनपान गराउने सल्लाह प्रदान गरिन्छ। गर्भवती महिलाहरुले प्रसुति लाभको रुपमा कम्तीपनि 6 हजार रुपियाँ केन्द्र सरकारले तय गरेको राशिको रुपमा प्राप्त गर्ने छन।
- कक्षा 8 सम्मका अथवा 6 देखि 14 वर्ष उमेर सम्मका बालक–बालिकाले आफ्नो पोषणीय खाँचो पूर्तिको निम्ती तल उल्लेख गरिएका अधिकारहरु प्राप्त गर्ने छन् :

  – 6 महिना देखि 6 वर्ष उमेरसम्मका सबै बालक–बालिकाले पोषाहारको रुपमा नि:शुल्क भोजन प्राप्त गर्ने अधिकार।

  – जबकि 6 महिनादेखि कम्ती उमेरका नानीहरुलाई